नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

नसर्ने रोग तथा मानसिक स्वास्थ्य रजिष्टर

Non-Communicable Diseases and Mental Health Register

स्वास्थ्य संस्थाको नाम:

प्रदेश: जिल्ला: नगर/गाउँपालिका: वडा नं.:

प्रयोग मिति: आर्थिक वर्ष: देखि सम्म

रजिष्टर भर्ने तरिकाः

महल नं	महलको शिर्षक	निर्देशन
१	क्र.सं.	प्रत्येक महिना सेवा लिन आएका बिरामीको क्रम सङ्ख्या १ बाट सुरु गर्नुपर्दछ ।
२	मूल दर्ता नम्बर	यस महलको माथिल्लो भागमा मूल दर्ता रजिष्टरमा दर्ता हुँदाको नम्बर सेवाग्राहीसँग भएको पुर्जाबाट यस महलमा चढाउनु पर्दछ ।
	अन्य सेवा दर्ता नम्बर कोड	यस महलको तल्लो भागमा सेवाग्राही अस्पतालको ओ.पि.डी., आई.पि.डी. वा अन्य कुनै सेवाबाट प्रेषण भएको हो भने त्यो सेवाको दर्ता नं. उल्लेख गर्नुपर्दछ । अन्य सेवाको दर्ता नम्बर पछाडी कुन सेवाबाट प्रेषण भएको हो सो को नाम पनि उल्लेख गर्नुपर्दछ । जस्तै सेवाग्राही ओ.पि.डी.बाट आएको हो र उसको दर्ता नं २१३ हो भने यस महलमा २१३ (OPD) उल्लेख गर्नु पर्दछ ।
३	मिति (ग/म/सा)	यस महलमा सेवाग्राहीले स्वास्थ्य संस्थामा सेवा लिन आएको मितिलाई गते, महिना र साल गरी क्रमशः लेख्नुपर्दछ ।
४	NCD/MH/Injury	यस महलमा सेवाग्राहीले नसर्ने रोग, मानसिक स्वास्थ्य तथा चोट पटकको उपचार सम्बन्धी कुन सेवा लिएको हो, उल्लेख गर्नु पर्दछ । नसर्ने रोग सम्बन्धी सेवा लिएको भए '१÷, मानसिक स्वास्थ्य सेवा लिएको भए '२÷ र चोट पटकको उपचारका लागि सेवा लिएको भए '३÷ उल्लेख गर्नु पर्दछ ।
५	नयाँ / पुरानो	यस महलको माथिल्लो भागमा सेवाग्राही नयाँ वा पुरानो कुन हो उल्लेख गर्नुपर्दछ । नयाँ भन्नाले पहिलो पटक उपचार लिन आएको व्यक्ति र पुरानो भन्नाले दोस्रो वा त्योभन्दा बढी पटक उपचार लिन आएको व्यक्ति भन्ने बुझ्नु पर्दछ । एक पटक एउटा नसर्ने रोग लागेर अर्को आर्थिक वर्षमा पनि सोहि रोगको जाँचको लागि आएमा सो बिरामीलाई पछिको आर्थिक वर्षहरूमा पुरानो सेवाग्राहीको रूपमा गणना गर्नु पर्दछ । आर्थिक वर्ष परिवर्तान भए पनि पुरानो सेवाग्राहीको रुपमा गणना गर्नु पर्दछ। तर सोही व्यक्ति सो रोग बाहेक अर्को नसर्ने रोग लागेर आएमा नयाँ सेवाग्राहीको रूपमा गणना गर्नु पर्दछ।
	सेवा दर्ता नम्बर	यस महलको तल्लो भागमा सेवाग्राहीको नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवाको दर्ता नम्बर उल्लेख गर्नु पर्दछ। सेवाग्राहीको दर्ता गर्दा प्रत्येक वर्षमा नयाँ दर्ता नम्बर दिई सुरू गर्नुपर्दछ । एउटा स्वास्थ्य समस्या लिएर उपचार गराउन आएको सेवाग्राही सोही समस्या उपचारका लागि दोहोर्याएर (फलोअप) आएमा पहिलेको दर्ता नम्बर लेख्नु पर्दछ ।
६	सेवाग्राहीको नाम	यस महलमा सेवाग्राहीको नाम र थर लेख्नु पर्दछ ।
७	जाति कोड	यस रजिष्टरको ११ औं महलमा सेवाग्राहीको जाति समूह पहिचान गरि सो जाति समूहलाई जनाउने उपयुक्त कोडलाई अंकमा लेख्नु पर्दछ। जाति समूह अनुसारको कोड रजिष्टरको तल पट्टि पनि उल्लेख गरिएको छ। १-दलित, २-जनजाती, ३-मधेशी, ४-मुस्लिम, ५-ब्राह्मण/क्षेत्री, ६-अन्य
८	उमेर	यस महलमा सेवाग्राहीको पूरा भएको उमेर वर्षमा लेख्नु पर्दछ।
९—१०	लिङ्ग	यस महलमा सेवाग्राही महिला भए १ र पुरुष भए २ मा गोलो घेरा लेख्नु पर्दछ ।
११	ठेगाना/सम्पर्क नम्बर	यस महलको माथिल्लो भागमा सेवाग्राही प्राय बसोबास गर्ने जिल्ला, दोस्रो भागको दुइ खण्ड मध्ये बायाँ खण्डमा अक्सर बसोबास गर्ने स्थानीय तह (उप/महा/नगर/गाउँपालिका) को नाम र दायाँ खण्डमा सोही ठाउँको वडा नं. उल्लेख गर्नुपर्दछ । त्यसै गरि बसोबास गर्ने टोलको विवरण तेस्रो भागमा उल्लेख गर्नुपर्दछ। यस महलको अन्तिम भागमा सेवाग्राहीको सम्पर्क नम्बर उल्लेख गर्नुपर्दछ ।
१२	Investigation	यस महलमा सेवाग्राहीलाई कुनै किसिमको परीक्षण (रगत,पिसाव,प्रेसर आदि) गरेको भए उल्लेख गर्नु पर्दछ।
१३	Diagnosis	यस महलमा स्वास्थ्यकर्मीले सेवाग्राहीको जाँच गरी निदान गरेको मुख्य स्वास्थ्य समस्याको नाम उल्लेख गर्नुपर्दछ ।
१४	ICD code	महल १३ मा उल्लेख गरेको स्वास्थ्य समस्याको INTERNATIONAL CLASSIFICATION OF DISEASE CODE (ICD) ११ अनुसारको कोड नं. यस महलमा उल्लेख गर्नुपर्दछ ।

महल नं	महलको शिर्षक	निर्देशन	
१५-१८	सेवाको प्रकार	यस महलमा दुईवटा खण्डहरू छन् । माथिल्लो खण्डमा ४ वटा सेवाहरू मध्ये कुन कुन सेवाहरू प्रदान गरिएको हो भन्ने उल्लेख गर्न प्रयोग गर्नुपर्दछ । सेवा प्रदायकले औषधी सिफारिस गरेमा औषधीको महल (१५), मनोसामाजिक परामर्श प्रदान गरे मनोसामाजिक परामर्शको महल (१६), परामर्श सेवा दिएमा परामर्शको महल (१७) र अन्य सेवाप्रदान गरेमा अन्यको महल (१८) मा १ नं. उल्लेख गर्नुपर्दछ । महल १७ को परामर्श सेवा भन्नाले मनोसामाजिक परामर्श सेवा बाहेकका अन्य सबै किसिमको परामर्शलाई बुझ्नु पर्दछ। उल्लेखित ४ मध्ये एक भन्दा बढी सेवा प्रदान गरेको भए जुनजुन सेवा दिएको हो त्यी सबै महलमा १ अंक उल्लेख गर्नुपर्दछ । यसरी प्रदान गरिएको औषधी, उपचार र परामर्श सेवाको विस्तृत विवरण तल्लो खण्डमा खुलाउनु पर्दछ ।	
१९	मृत्यु भएको	नसर्ने रोग, मानसिक स्वास्थ्य वा चोटपटकको समस्या लिएर आएको बिरामीको यदि मृत्यु भएको हो भने यस महलमा उल्लेखित १ नं. कोडमा घेरा लगाउनु पर्दछ ।	
२०	पुराना सेवाग्राहीका लागि मात्र	उपचार नियमितता (Rx compliance)	यो महल पुराना सेवाग्राहीका लागि मात्र भर्नुपर्छ । यस महलमा सेवाग्राहीहरुले उपचारमा नियमितता अपनाएको छ वा छैन भन्ने दुई वटा विकल्प समावेश गरिएको छ । यदि सेवाग्रहिले सेवा प्रदायकको सिफारिस बमोजिम सेवा लिई रहेको वा नियमित औषधी सेवन गरिरहेको भएमा उपचार नियमित छ÷ भन्ने पहिलो विकल्पलाई छनौट गर्न १ नं. कोड मा गोलो लगाउनु पर्दछ। उपचार र औषधी सेवन नियमित नभएका सेवाग्राही भएमा 'नियमित छैन भन्ने दोस्रो विकल्पको २ नं कोड मा गोलो लगाउनु पर्दछ ।
२१		सुधारको अवस्था	यस महलमा सेवाग्राहीको स्वास्थ्य अवस्थामा मापन योग्य सुधार छ वा छैन भन्ने दुइ वटा विकल्प समावेश गरिएको छ । यदि सेवाग्राहीको स्वास्थ्य अवस्थामा मापन योग्य सुधार देखिएको छ भने १ नं . कोडमा गोलो लगाउनु पर्दछ। स्वास्थ्य अवस्था सुधारोन्मुख नभएमा वा पहिलेकै जस्तै अवस्था भएमा २ नं. कोडमा गोलो लगाउनु पर्दछ। नोटः १८ बर्ष -भन्दा माथिका बयस्कहरुको रक्तचाप मापन गर्दा उच्चरक्तचाप भन्नाले SBP ≥ १४० mmHg र/ वा DBP ≥ ९० mmHg भन्ने बुझिन्छ । Glucometer को माध्यामबाट रगतमा चिनीको मात्रा परीक्षण गर्ने र खाली पेटमा रगत जाच गर्दा (fasting plasma blood sugar ≥ १२६ mg/dl) वा जुनसुकै बेलाको रगत (Random plasma blood sugar ≥ २०० mg/dl) भएमा रगतमा चिनीको मात्रा बढेको भनेर बुझिन्छ ।COPD र Asthma को हकमा उपचार PEN प्रोटोकल र BHS मा उल्लेख भएका मापदण्ड अनुसार हुनुपर्नेछ ।Epilepsy मा समस्या देखा नपर्नु, Substance use disorder मा लागू पदार्थ प्रयोग नगर्नु , मानसिक स्वास्थ्यको हकमा उपचार पूर्वको अवस्थामा सुधार भएको भन्ने बुझ्नु पर्दछ ।
२२	प्रेषण	यस महलमा दुईवटा खण्डहरू छन् । सेवाग्राही अन्यत्रबाट प्रेषित भएर आएको भए, सेवाग्राहीलाई यस स्वास्थ्य संस्थामा प्रेषण गर्ने व्यक्ति वा संस्थाको नाम माथिल्लो खण्डमा लेख्नुपर्दछ। प्रेषण गर्ने व्यक्तिको हकमा पेशा पनि खुलाउनु पर्दछ । यदि सेवाग्राहीलाई यस स्वास्थ्य संस्थाबाट अरु स्वास्थ्य संस्थामा प्रेषण गरिएको भए कुन स्वास्थ्य संस्थामा प्रेषण गरिएको हो भन्ने विवरण तल्लो खण्डमा खुलाउनुपर्दछ ।	

नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवा रजिष्टर

क्र.स.	सेवा सम्बन्धि जानकारी				सेवाग्राहीको व्यक्तिगत जानकारी					ठेगाना/ सम्पर्क नं.		Investigation	निदान (Diagnosis)		सेवाको प्रकार				मृत्यु भएको	पुराना सेवाग्राहीहरुको लागि मात्र		प्रेषण
	मूल दर्ता नम्बर	मिति	NCD/MH/ Injury	नयाँ/ पुरानो	सेवाग्राहीको नाम/थर	जाति कोड	उमेर	लिङ्ग		जिल्ला			Diagnosis	ICD Code	औषधि	मनोसामाजिक परामर्श	परामर्श	अन्य		उपचार नियमितता (Rx compliance)	सुधारको अवस्था	प्रेषण भइ आएको संस्था/ व्यक्तिको नाम र पेशा
	अन्य सेवा दर्ता नम्बर कोड			सेवा दर्ता नम्बर				महिला	पुरुष	गा.पा/न.पा / वडा नं / टोल / सम्पर्क नम्बर					औषधि, उपचार र परामर्श सेवाको बिस्तृत जानकारी							प्रेषण गरिएको संस्थाको नाम
१	२	३	४	५	६	७	८	९	१०	११		१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२
								१	२										१	१. नियमित छ २. नियमित छैन	१. सुधार छ २. सुधार छैन	
								१	२										१	१. नियमित छ २. नियमित छैन	१. सुधार छ २. सुधार छैन	
								१	२										१	१. नियमित छ २. नियमित छैन	१. सुधार छ २. सुधार छैन	
								१	२										१	१. नियमित छ २. नियमित छैन	१. सुधार छ २. सुधार छैन	
								१	२										१	१. नियमित छ २. नियमित छैन	१. सुधार छ २. सुधार छैन	
								१	२										१	१. नियमित छ २. नियमित छैन	१. सुधार छ २. सुधार छैन	
								१	२										१	१. नियमित छ २. नियमित छैन	१. सुधार छ २. सुधार छैन	

महल नं ४ को कोडः १- NCD (नसर्ने रोग), २- Mental Health (मानसिक स्वास्थ्य), ३- Injury (चोटपटक)